१. **नेपालसँग दौत्य सम्बन्ध कायम भएको १८३ औं राष्ट्र कुन हो ?**
✍ किरिबाटी (सन् २०२४ जुलाई १८)

२. **छिन्नलता पुरस्कार २०८० क–कसलाई प्रदान गरियो ?**
✍ गीत : वीरेन्द्र पाठक, सङ्गीत : चण्डीप्रसाद काफ्ले, गायन : मनिला सोताङ र युवातर्फ : गायक भुपु पाण्डे

३. **नेपालकै पहिलो लक्जरी बुटिक द्वारिकाज होटलकी संस्थापक अम्बिका श्रेष्ठको निधन कहिले भएको हो ?**
✍ विसं २०८१ साउन ३





- काठमाडौँको बत्तीसपुतलीस्थित द्वारिकाज होटलकी सञ्चालक श्रेष्ठको ९१ वर्षको उमेरमा निधन भएको हो।

४. **इतिहासकार प्राडा तुलसीराम वैद्यको निधन कहिले भएको हो ?**
✍ विसं २०८१ साउन २

५. **आइसिसी डिजिटल फ्यान इङ्गेजमेन्ट इनिसिएटिभ अफ द इयर अवार्ड प्राप्त गर्ने राष्ट्र कुन हो ?**
✍ नेपाल
- सामाजिक सञ्जालमा समर्थकहरूको संलग्नतामा उच्च कार्य गरेको भन्दै आइसिसीले सो अवार्ड प्रदान गरेको हो।

६. **नेपाल सरकारको कानुनी सल्लाहकार मानिने महान्यायाधिवक्तामा कसलाई नियुक्त गरियो ?**
✍ वरिष्ठ अधिवक्ता रमेश बडाल (विसं २०८१ साउन ४
- प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बडाललाई महान्यायाधिवक्तामा नियुक्त गर्नभएको हो।

जयन्तीका पाँच छुट्टाछुट्टै मन्दिर रहेका छन्।
- यहाँ बडादसैं, वैशाखे पूर्णिमा र मङ्सिरको पूर्णिमामा दर्शन गर्न आन्तरिक तथा बाह्य पर्यटकको विशेष जमघट हुने गर्छ।
- समुद्र सतहदेखि झन्डै पाँच हजार फिटको उचाइमा रहेको यस क्षेत्रबाट धौलागिरि, गुर्जा, अन्नपूर्ण, माछापुच्छ्रेलगायतका हिमालका साथै बागलुङ, म्याग्दी, गुल्मी, पाल्पा, प्युठान एवं रुकुमका विभिन्न स्थानको दृश्यावलोकन गर्न सकिन्छ।
- चार हजार पर्वतको कोटका रूपमा चिनिने यो क्षेत्रमा वनभोज स्थल, अतिथिगृह, भ्यु प्वाइन्ट र पैदल यात्रालगायतका संरचना निर्माण गरिएको छ।

१९. **"हाम्रो सबैभन्दा ठुलो कमजोरी प्रयत्न गर्न छोड्नुमा छ, सफलता प्राप्त गर्ने सबैभन्दा सुनिश्चित उपाय भनेको अर्को एक पटक प्रयत्न गर्नु मात्र हो।" भन्ने विचारक को हुन् ?**
✍ थोमस अल्वा एडिसन, वैज्ञानिक

२०. **महान् दार्शनिक सुकरातको जन्म कहाँ भएको थियो ?**
✍ ग्रिसको एथेन्स सहरमा

२१. **जयतु संस्कृतम आन्दोलनको प्रारम्भ कहिले भएको थियो ?**
✍ विसं २००४ असार १

- संस्कृत छात्रावास काठमाडौंका विद्यार्थीले सरकारसमक्ष विभिन्न माग राखी आन्दोलन प्रारम्भ गरेका थिए। तत्कालीन प्रधानमन्त्री पद्‍म शमशेरले संस्कृत भाषालाई मृत भाषा भनेकोमा चर्किएको सो आन्दोलन खास गरी शैक्षिक र राजनीतिक उद्देश्यबाट प्रेरित थियो।

२२. **नेपालकै पहिलो महिला फिफा रेफ्री को हुन् ?**
✍ कल्पना शर्मा

२३. **नेपाल, भारत, भुटान तथा बङ्गलादेशमा सिधा बस सेवा सञ्चालन सम्बन्धमा गरिएको सम्झौतालाई के भनी चिनिन्छ ?**
✍ बिबीआईएन इनिसिएटिभ
- भुटानको थिम्पुमा सन् २०१५ जुन १५ मा यसको सम्झौता भएको हो।

२४. **नेपालको कुन हिमाललाई 'लेडिज पिक' भनी चिनिन्छ ?**
✍ अमादब्लम



# वस्तुगत प्रश्नोत्तर

- बडाल यसअघि २०७७ मा पनि महान्यायाधिवक्ता नियुक्त हुनुभएको थियो।

**७. फ्युचर फर नेचर अवार्ड–२०२४ बाट सम्मानित हुने नेपाली को हुन् ?**

रिन्जिन फुन्जोक लामा

- ५० हजार युरो राशिको सो पुरस्कार फ्युचर फर नेचर फाउन्डेसन, नेदरल्यान्ड्सले प्रदान गरेको हो।

**८. सार्क साहित्य पुरस्कार २०२३ कसलाई प्रदान गरियो ?**

बङ्गबन्धु शेख मुजिबुर रहमान

**९. संयुक्त राष्ट्रसङ्घले दोस्रो सडक सुरक्षा अभियान दशकका रूपमा घोषणा गरेको अवधि कुन हो ?**

सन् २०२१–२०३०

**१०. सरबरिया टोल कृतिका लेखक राजेन्द्र विमल हुन् भने पैसाको उडान कृतिका लेखक को हुन् ?**

रवीन्द्र समीर

**११. दिगो विकास प्रतिवेदन, २०२४ मा नेपाल कति औँ स्थानमा रहेको छ ?**

९५ औँ

**१२. सिसेक्पा तङ्नाम कुन समुदायमा प्रचलित पर्व हो ?**

किराँत लिम्बू

- किराँत लिम्बू समुदायमा साउने सङ्क्रान्तिलाई सिसेक्पा तङनामका नामले मनाउने गरिन्छ।

**१३. 'फादर अफ लाइब्रेरी साइन्स' भनी कसलाई चिनिन्छ ?**

यसआर रगनाथ

**१४. सामान्यतया वस्तु तथा सेवाको आन्तरिक उत्पादन र पैठारीमा लगाइने करलाई के भनेर चिनिन्छ ?**

अन्तःशुल्क

- सिद्धान्ततः मानवीय स्वास्थ्य र वातावरणमा नकारात्मक प्रभाव पार्ने तथा विलासिताका वस्तुमा अन्तःशुल्क लगाउने गरिन्छ। अन्तःशुल्क कर खास गरी उत्पादकको तहमा र पैठारीमा लगाइन्छ।
- अन्तःशुल्क लाग्ने भनी तोकिएका स्वदेशी उत्पादन वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा त्यस्ता वस्तु वा सेवा उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी हुने मूल्यमा वा निष्कासन भएको परिमाणमा तोकिएको दर अनुसार निष्कासनका बेलामा लाग्ने कर नै अन्तः शुल्क हो।



**२५. गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सको प्रकाशनको सुरुवात कहिलेदेखि भएको हो ?**

सन् १९५५ अगस्ट २७

- विश्वमा भएका विविध कीर्तिमान उल्लेख गरी प्रत्येक वर्ष प्रकाशित हुने गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सको पहिलो प्रकाशन सन् १९५५ अगस्ट २७ मा बेलायतको लन्डनमा भएको हो।

**२६. नेपालकै पहिलो सहकारी गाउँका रूपमा घोषित गाउँ कुन हो ?**

चुहानडाँडा, तेह्रथुम

**२७. सुगौली सन्धि गरिएको ठाउँ कहाँ पर्छ ?**

मकवानपुर

**२८. तमारा छोरी नामक नाच नेपालको कुन जिल्लामा प्रचलित छ ?**

लमजुङ

**२९. समयको सङ्क्षिप्त इतिहास नामक कृतिका लेखक को हुन् ?**

स्टेफन हकिङ



**३०. कुन पर्वत क्षेत्रलाई मोडदार पर्वत क्षेत्र भनी चिनिन्छ ?**

महाभारत पर्वत

**३१. मध्यकालमा सुदूरपश्चिममा बाइसे राज्यहरू थिए भने मध्य क्षेत्रमा कस्ता राज्य थिए ?**

चौबिसे राज्य

**३२. एफटिटीएचको पूरा रूप के हो ?**

फाइबर टु द होम

# वस्तुगत प्रश्नोत्तर

१५. **पाण्डाको औसत उमेर कति हुन्छ ?**
✍ २० वर्ष



१६. **सूर्यमा सबैभन्दा बढी पाइने ग्यास कुन हो ?**
✍ हाइड्रोजन

१७. **आषाढ शुक्ल एकादशीलाई हरिशयनी एकादशी भनिन्छ भने कात्तिक शुक्ल एकादशीलाई के भनिन्छ ?**
✍ हरिबोधिनी एकादशी

१८. **ऐतिहासिक एवं धार्मिक महत्त्वको रमणीय स्थल नरसिंह कोट कहाँ रहेको छ ?**
✍ बागलुङ
- यो स्थानमा नरसिंहकोट, कालिका, नन्देली, भीमसेन र
- नेपाल टेलिकमले द्रुत गतिको इन्टरनेट सेवा एफटिटीएचको शुभारम्भ विसं २०७६ भदौ २३ गते रूपन्देहीको गैडहवा गाउँपालिकास्थित सूर्यपुरा बजारमा गरेको छ।
- एफटिटिएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुऱ्याइ ट्रिपल प्ले अर्थात् भ्वाइस, उच्च गतिको इन्टरनेट र भिडियो सेवाहरू प्रदान गर्न सकिने जनाइएको छ।

३३. **क्यालिग्राफी केसँग सम्बन्धित छ ?**
✍ सुन्दर अक्षर लेखन कला

३४. **मानिसको वृद्धावस्थाबारे अध्ययन गर्ने विषयलाई के भनिन्छ ?**
✍ जेरेन्टोलोजी

३५. **देशकै पहिलो पूर्ण खोप सुनिश्चित प्रदेश घोषित हुन सफल प्रदेश कुन हो ?**
✍ गण्डकी प्रदेश
- विसं २०७५ भदौ १३ मा गण्डकी प्रदेश पूर्ण खोप सुनिश्चित प्रदेश घोषित भएको हो।

३६. **लिच्छवि कालमा जिल्लालाई विषय भनिन्थ्यो भने जिल्ला प्रमुखलाई के भनिन्थ्यो ?**
✍ विषयपति

**प्रस्तुतकर्ता : टङ्क केसी**

# वस्तुगत प्रश्नोत्तर